# लिखु गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## नुवाकोट

### बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५।७।११ गते)

**आ.व. २०७५/०७६ को लागि, ढुंगा, बालुवा, गिटी, ग्राभेल, रोडा, स्लेट ढुंगा लगायतका नदीजन्य सामाग्रीको संकलन तथा विक्रि कर एवं कवाडि तथा अन्य सामाग्रीहरुको निकासी कर उठाउने ठेक्का बन्दोबस्त सम्बन्धी सूचना**

लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोटले स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को घ (६), सार्वजनिक खरिद ऐन तथा नियमावली, प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ६४ मिति २०७५।०४।२२ को पत्र, यस गाउँपालिकाको राजस्व परामर्श समितिको मिति २०७५।६।२३ को बैठकको सिफारिस एवं गाउँ कार्यपालिकाको मिति २०७५।६।२४ को बैठकको निर्णय बमोजिम चालु आ.ब. २०७५/०७६ को बांकी अवधिको लागि लिखु गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका लिखु र तादी नदीको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित मध्ये देहायको परिमाणको ढुङ्गा, बालुवा, रोडा, गिट्टी, ग्राभेल आदि नदीजन्य पदार्थहरुको संकलन तथा विक्री कर असूली सम्बन्धी कार्यहरु एवं कवाडी तथा अन्य वस्तुहरुको निकासी कर संकलन गर्नको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक फर्महरुले यो सूचना प्रकाशित मितिले ३० दिनभित्र (मिति २०७५।०८।१० भित्र) यस कार्यालयको नेपाल बैंक लि. त्रिशुली शाखामा रहेको संचित कोष खाता नं. ०२६०३०००००००००४००१०७१ मा वोलपत्र दस्तुर वापतको रु ३०००।०० तीन हजार (फिर्ता नहुने गरी) नगद जम्मा गरेको भौचरको Scan कपी र चालु आ.व.मा नविकरण भएको ईजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७४/०७५ को करचुक्ता प्रमाणपत्र सहित बोलपत्र फारम भरी ३१ औं दिन (मिति २०७५।०८।११) दिनको १२:०० बजेसम्म आफूले कबोल गरेको अङ्कको ५% धरौटी रकम ने.वै.लि. त्रिशुली शाखामा रहेको धरौटी खाता नं. ०२६०३००००००००३०००१४ मा नगदै दाखिला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क वर्गको बाणिज्य बैंकहरुबाट जारी भएको १२० दिन म्याद भएको सक्कलै बैक ग्यारेन्टी (Bid Bond) संलग्न राखी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal www.bolpatra.gov.np मार्फत पेश गर्न सकिनेछ । रीतपूर्वक पर्न आएका बोलपत्रहरु ३१ औं दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । पारित भएका करका दररेट बोलपत्र फारम साथ उपलब्ध गराइने छ र अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशील

| ठेक्का नं. | विवरण (शीर्षक) | उत्खनन् परिमाण (क्यु फिट) | कूल न्यूनतम अङ्क (मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| ०१/आन्तरिक आय/२०७५/०७६ | नुवाकोट जिल्ला, लिखु गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका तादी र लिख एवं आसपासका खोलाहरुबाट संकलन र विक्री हुने ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल, स्लेट ढुङ्गा, आदि नदीजन्य पदार्थहरु र कवाडी एवं अन्य वस्तुमा कर असूल गर्ने<br>१. ढुंगा, गिटी, वालुवा, ग्राभेल संकलन र विक्री कर प्रति क्यु फिट रु ९।०० का दरल १५००००० क्यु फिट को रु १३५०००००।०० (एक करोड पैंतिस लाख मात्र)<br>२. लिखु गाउँपालिका क्षेत्र भित्रका भुकम्पपिडतको निजी आवास पुन निर्माण कार्यको लागि संकलन र विक्री कर प्रति क्यु फिट रु ६।०० का दरले .६०००००. क्यु फिटको रु ३६०००००।०० (छत्तिस लाख)<br><br>३. कवाडी तथा अन्य वस्तुमा निकासी कर रु ..............................<br>➢ व्लक प्रति गोटा रु १।००<br>➢ पानी प्रति लिटर रु ०।२५<br>➢ वियर वोटल, मदिरा सिसी, अन्य बोटल प्रति गोटा रु ०।५०<br>➢ प्लाष्टिकजन्य पदार्थ प्रतिकेजी रु ०।५०<br>➢ फलाम प्रति केजी रु २।००<br>➢ सिलौट, जस्ता प्रति केजी रु २।००<br>➢ तामा, पित्तल प्रति केजी रु ३०।००<br>➢ कागज प्रति केजी रु ०।५०<br>➢ हाड, सिंग, खोर प्रति केजी रु ५।०० | २१००००० क्यू फिट | रु १७१००००००।०० एक करोड एकहत्तर लाख<br><br>रु १०००००।०० एक लाख | ३,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| | ➢ इटा लोकल प्रति गोटा रु ०।२५<br>➢ इनारको रिंग प्रति गोटा रु १५।०० | | | |
| | कुल जम्मा | | रु १७२०००००।०० एक करोड बहत्तर लाख मात्र | |

**शर्त तथा बन्देज**

१. सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजेसम्म E-Bidding मार्फत सार्वजनिकखरिद अनुगमन कार्यालयको Website centralize EGP portal www.bolpatra.gov.np मा Annex to Bidding data sheet for provision of E-bidding मा सबै कागजातहरु Scan गरि PDF format मा बोलपत्र पेश गर्न सकिने छ।

२. नेपाल सरकार, ३ नं. प्रदेश सरकार र लिखु गाउँपालिकाले समय समयमा दिएको निर्देशन बोलपत्रदाताले पालन गर्नु पर्नेछ।

३. ठेकेदार र गाउँपालिका बीच ठेक्का शर्त सम्बन्धमा कुनै बिवाद उठेमा कार्यपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ। यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन। बोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन, नियमावली लगायत प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज समेत पालन गर्नु पर्नेछ।

४. फर्मले कबोल गरेको अंकको मू.अ.कर बापतको रकम चौमासिक रुपमा गाउँपालिका मार्फत भुक्तानी गर्नु पर्नेछ र अन्य कर शुल्क लागेमा ठेकेदार आफैंले असुल गरी प्रचलित कानून बमोजिम दाखिला गर्नु पर्नेछ।

५. ठेक्का स्वीकृत भएको ७ दिन भित्र कबुल अंकको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ। प्रथम किस्ता ४० प्रतिशत रकम, एकमुष्ट ठेक्का सम्झौता अगावै जम्मा गर्नु पर्नेछ। बाँकी ६० प्रतिशतले हुने रकम (मु.अ.कर समेत) ठेक्का सम्झौतामा तोकिए बमोजिम बुझाउनु पर्नेछ।

६. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असूल उपर गर्ने गरी कानूनी प्रक्रिया अपनाइनेछ। असूल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति स्वरुप असूल उपर गर्न सकिनेछ।

७. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रीत नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन।

८. परिस्थितिजन्य कारण देखाइ ठेक्का रकममा मिनाहा वा छुट दावी गर्न पाइने छैन।

९. ईट्टाको हकमा गाउँपालिका क्षेत्रमा उत्पादित लोकल इटाको मात्र लिन पाईनेछ।

१०. नदी खोला वरपरका प्रत्यक्ष प्रभावित एवं गाउँपालिका भित्र बसोबास गर्ने भूकम्प पिडित नागरिकहरुले निर्माण गर्ने घरको लागि नदी किनारबाट मानिस आफैंले उत्खनन् गरी सिधै उपभोग गर्ने निर्माणमुखि बस्तुहरुमा कुनै पनि कर लिन पाइने छैन।

११. बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले आफ्नै नामको फर्मबाट पेश गर्नु पर्नेछ। अन्य कुनै फर्म वा कम्पनीको नामबाट पेश गरेको बोलपत्र मूल्यांकनमा समावेश गरिने छैन।

१२. यो सूचनामा उल्लेख भएकोमा यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ।